# रू रू जलविद्युत परियोजना लिमिटेड
# RU RU JALBIDHYUT PARIYOJANA LIMITED

RU KN HYDROPOWER

च.नं: ७४,२०८२/०८३

मिति : २०८२/०९/०४

श्री नेपाल धितोपत्र बोर्ड, खुमलटार, ललितपुर ।
श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड, सिंहदरबार, काठमाण्डौं ।
श्री सि. डि. एस. एण्ड क्लीयरिङ्ग लिमिटेड, पुतलीसडक काठमाण्डौं ।
श्री विद्युत नियमन आयोग, सानो गौचरण, काठमाण्डौं ।
श्री कम्पनी रजिष्ट्रार कार्यालय, त्रिपुरेश्वर काठमाण्डौं ।

**विषय: कम्पनीको २० औं (आ.व. २०८१/८२ अवधिको) वार्षिक साधारण सभा गर्ने लगायतका निर्णयहरु भएको जानकारी सम्बन्धमा ।**

महोदय,

कम्पनीको मिति २०८२/०९/०३ गते बिहीवारका दिन अपरान्ह ४:०० बजे कम्पनीको रजिष्टर्ड कार्यालयमा बसेको सञ्चालक समितिको बैठक नं. ३ बाट यस कम्पनीको २० औं (आ.व. २०८१/८२ अवधिको) वार्षिक साधारण सभा गर्ने, शेयरधनीहरु लाई नगद लाभांश तथा बोनस शेयर जारी गर्ने प्रस्ताव लगायतका निर्णयहरु भएको जानकारी गराउँदछौं।

**निर्णयहरु :-**

**निर्णय नं. १ : साधारण सभामा प्रस्तुत हुने वार्षिक प्रतिवेदन तथा लेखा परीक्षण प्रतिवेदनका सम्बन्धमा ।**

कम्पनीको आ.व. २०८१/०८२ अवधिको लेखा परिक्षण प्रतिवेदनका साथै कम्पनीको २० औं वार्षिक साधारण सभामा सञ्चालक समितिका तर्फबाट अध्यक्षज्यूले पेश गर्ने वाषिक प्रतिवेदन बैठकमा प्रस्तुत भई प्रतिवेदनहरु उपर छलफल भयो । प्रतिवेदनहरु लाई आगामी साधारण सभामा पेश गरि पारित गरिदिनका लागि सभालाई अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. २ : लाभांश प्रस्ताव गर्ने सम्बन्धमा ।**

कम्पनीको आ.व. २०८१/०८२ अवधिको साधारण सभामा लाभांश प्रस्ताव पेश गर्ने सम्बन्धमा छलफल गर्दा कम्पनीको साधारण सभा प्रयोजनका लागि शेयर दाखिल खारेज बन्द हुने मिति सम्म कायम रहने शेयरधनीहरु लाई आ.व. २०८१/०८२ अवधिको मुनाफा तथा संचित मुनाफा (लाभांश आम्दानीको हिस्सा) बाट चुक्ता पुँजीको १०% (दश प्रतिशत) बोनस शेयर जारी गर्न तथा सोही अवधिको चुक्ता पुँजीको ५.७८९% (बोनस शेयर लाभांशको कर समेतका लागि) नगद लाभांश वितरण गर्न कम्पनीको आगामी २० औं (आ.व. २०८१/०८२) वार्षिक साधारण सभामा प्रस्ताव पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं: ३: कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा संशोधन गर्ने सम्बन्धमा ।**

RU KN HYDROPOWER

**Head Office:**
Ka.Ma.Pa.-1, Kathmandu
Tel.: +977- 01-4519393, 01-4519394
E-mail: contact@ruruhydro.com
website: www.ruruhydro.com

**Project Site:**
Hugdi Khola,
Chandrakot Rural Municipality, Gulmi

HYDROPOWER

कम्पनीको बोनस शेयर जारी गर्ने तथा हकप्रद शेयरको सार्वजनिक निष्कासन प्रयोजनका लागि कम्पनीको अधिकृत पूँजी, जारी पूँजी तथा चुक्ता पूँजी लाई आवश्यकता अनुसार वृद्धि गर्नुपर्ने भएको हुँदा प्रबन्धपत्रको दफा ६ को उपदफा (क), (ख) र (ग) देहाय बमोजिम संशोधन गर्ने सम्बन्धी विशेष प्रस्ताव साधारण सभामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४ : कम्पनीको २० औं (आ.व. २०८१/०८२) वार्षिक साधारण सभा गर्ने तथा साधारण सभामा छलफल हुने प्रस्तावहरु तय गर्ने सम्बन्धमा ।**

कम्पनीको २० औं (आ.व.२०८१/०८२) वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा देहायका विषय उपर छलफल तथा निर्णय गर्न बस्ने निर्णय गरियो ।

वार्षिक साधारण सभा हुन मिति : २०८२/०९/२५ गते शुक्रवार ।

समय : बिहान ११:०० बजे ।

स्थान : स्मार्ट प्यालेस एण्ड इभेन्ट, चावहिल काठमाण्डौ

**छलफलका प्रस्तावहरु :**

क. **साधारण प्रस्ताव :**

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले पेश गर्नुहुने वार्षिक प्रतिवेदन माथि छलफल गरि पारित गर्ने सम्बन्धमा ।
२. लेखापरीक्षकको प्रतिवेदन सहितको आ.व. २०८१/०८२ अवधिको वासलात, नाफा नोक्सान हिसाब, तथा नगद प्रवाह विवरणहरुमा छलफल गरि पारित गर्ने सम्बन्धमा ।
३. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम आ.व. २०८१/०८२ अवधिको मुनाफा (लाभांश आम्दानीको हिस्सा) बाट चुक्ता पुँजीको ५.७८९% (प्रतिशत) नगद लाभांश (बोनस शेयरको कर प्रयोजन समेतका लागि) वितरण गर्ने सम्बन्धमा ।
४. आ. व. २०८२/०८३ को लागि लेखापरीक्षक नियुक्त गर्ने तथा निजको पारिश्रमिक निर्धारण गर्ने ।
५. हकप्रद शेयरको सार्वजनिक निष्कासन सम्बन्धमा ।
६. कम्पनीको सञ्चालक समितिमा प्रतिनिधित्व गर्नु भएका स्वतन्त्र सञ्चालकको नियुक्ति अनुमोदन गर्ने सम्बन्धमा ।
७. कम्पनीको सञ्चालक समितिमा प्रतिनिधित्व गर्न एक (१) जना महिला सहित छ (६) जना सञ्चालकहरुको निर्वाचन सम्बन्धमा ।

**ख. विशेष प्रस्ताव :**

१. बोनस शेयर जारी गर्ने प्रयोजनका लागि कम्पनीको हाल कायम रहेको अधिकृत, जारी तथा चुक्तापूँजी लाई वृद्धि गरी प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन गर्ने सम्बन्धमा ।

२. आ.व. २०८१/०८२ अवधिको मुनाफा (लाभांश आम्दानीको हिस्सा) बाट १०% (दश प्रतिशत) बोनस शेयर जारी गर्ने सम्बन्धमा ।

३. नियामक निकायहरुको निर्देशनमा प्रबन्धपत्र तथा नियमावलीका प्रस्तावित संशोधनहरुमा परिमार्जन तथा थपघट गर्न आवश्यक भएमा सो गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने सम्बन्धमा ।

**ग. विविध ।**

**निर्णय नं: ५: दफा ७८ को विवरणका सम्बन्धमा ।**

यस कम्पनी द्वारा तयार गरि कम्पनीका लेखापरीक्षक बाट प्रमाणीत गरिएको आ.व. २०८१/०८२ अवधिको कम्पनी ऐन २०६३ को दफा ७८ अनुसारको विवरण पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं: ६: वार्षिक साधारण सभा प्रयोजनार्थ शेयरधनी दर्ता किताब बन्द गर्ने सम्बन्धमा ।**

कम्पनीको २० औं वार्षिक साधारण सभा प्रयोजनका लागी मिति २०८२/०९/१३ गतेका दिन कम्पनीको शेयरधनी दर्ता किताब बन्द गर्ने निर्णय गरियो साथै  नेपाल स्टक एक्सचेन्च लि. लाई सोही अनुसारको व्यवस्था मिलाई दिनका लागी आवश्यक सहयोगका लागी अनुरोध गर्ने समेत निर्णय गरियो ।

**निर्णय नं: ७: प्रमुख निर्वाचन अधिकृत नियुक्त गर्ने सम्बन्धमा ।**

यस कम्पनीको हालको सञ्चालक समितिमा प्रतिनिधित्व गर्नु भएका सञ्चालकहरुको कार्यवधि समाप्त हुन लागेकोले आगामि चार वर्षका लागि सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने एक (१) जना महिला सहित छ (६) जना सञ्चालकहरुको निर्वाचन गर्नका लागि प्रमुख निर्वाचन अधिकृत नियुक्त गर्न अध्यक्ष श्री आशिष सुवेदी ज्यू लाई अख्तियारी दिने निर्णय गरियो ।

**निर्णय नं: ८: कम्पनीको "सञ्चालकहरुको निर्वाचन निर्देशिका २०७८" का केही व्यवस्थाहरुमा संशोधन गर्ने सम्बन्धमा ।**

प्रस्ताव नं: ८ का सम्बन्धमा छलफल हुँदा रु रु जलविद्युत परियोजना लिमिटेड, **"सञ्चालकहरुको निर्वाचन निर्देशिका २०७८"** अद्यावधिक गर्नका लागि निर्देशिकाको प्रस्तावना खण्ड लगायत केही व्यवस्थाहरुमा आवश्यकता अनुसार संशोधन गर्ने निर्णय गरियो ।

आशिष सुवेदी
**अध्यक्ष**

RU KN HYDROPOWER

**Head Office:**
P.O. Box No. ........ Ka.Ma.Na.Pa.-1, Hattisar, Kathmandu
Tel.: +977-1-4419393, 4419394
E-mail: contact@ruruhydro.com
website: www.ruruhydro.com

**Project Site:**
Hugdi Khola,
Chandrakot Rural Municipality, Gulmi